# हत्यारालाई फाँसीको माग गर्दै स्कुले बालबालिका सडकमा



**कल्याण संवाददाता**

ल्केवर, ७ माघ। टिपरले किचेर त्या गरिएका पर्यावरण अभियन्ता ढलीप महतोलाई प्रथम राष्ट्रिय र्यावरण सहिद घोषणा गर्न माग र्दै विद्यार्थी प्रदर्शनमा उत्रिएका छन्। मंगलबार धनुषाको ढल्केवरमा विद्यालयद्वारा आयोजित 'यालीमा हत्यारालाई फाँसी र दिलिपलाई पर्यावरण सहिद घोषणा गर्न माग गर्दै स्कुले बालबालिका प्रदर्शनमा उत्रिएका हुन्।

ढल्केवरका आधा दर्जन विद्यालयको आयोजनामा निकालिएको 'यालीमा दोषीलाई फासी दे, दिलिपलाई पर्यावरण सहिद घोषणा गर, चुरे लुट्न पाइदैन, अवैध उत्खनन् बन्द गर लगायतका नारा लगाएका थिए।

पौष २४ गते धनुषाको मिथिला नगरपालिका ५ श्रीपुरस्थित घरनजिकैको औरही खोलामा अवैध उत्खनन् रोक्न गएको बेला कुटपीटपछि टिपरले किचेर दिलिपको हत्या गरेको थियो। यस घटनाको देशैभर व्यापक रुपमा विरोध भइरहेको छ। देशको विभिन्न भागमा दिलीपलाई पर्यावरण सहिद घोषणा गर्न माग उठिरहेको छ।

# बेहोस भएका आठै पर्यटकको मृत्यु

**कल्याण संवाददाता**

काठमाडौं, ७ माघ। मकवानपुरको दामनस्थित एक होटलमा सुतेको अवस्थामा बेहोस भएका आठै जना भारतीय पर्यटकको मृत्यु भएको छ।

उनीहरुको उपचारको क्रममा काठमाडौंस्थित ह्याम्स अस्पतालमा मृत्यु भएको महानगरीइ प्रहरी परिसर काठमाडौंका डिएसपी होबिन्द्र बोगटीले जानकारी दिए।

मृत्यु हुनेमा ४ जना बालबालिका छन् भने दुई पुरुष र दुई महिला छन्। उनीहरुको दुई परिवारका सदस्य भएको हुनसक्ने प्रहरीले जनाएको छ।

बेहास उनीहरुको उद्दार गरी हेलिकप्टरमार्फत उपचारका लागि काठमाडौं पठाइएको थियो। कोठामा हिटर बालेर सुतेका उनीहरु बेहास भएको थिए।

# प्याब्सनले 'विद्यालय शिक्षा' विषयक राष्ट्रिय सम्मेलन गर्ने

**कल्याण संवाददाता**

काठमाडौं, ७ माघ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले 'विद्यालय शिक्षा' विषयक राष्ट्रिय सम्मेलन गर्ने भएको छ। प्याब्सनको आयोजना र पीटीएफ नेपालको सहयोजनामा सम्मेलन माघ ९ र १० गते काठमाडौंमा हुनेछ। विश्वमा प्रतिस्पर्धा गर्न सक्ने गरी नेपालको शिक्षालाई समय सापेक्ष रुपमा अगाडी बढाउन सम्मेलनको आयोजना गरिएको प्याब्सनका अध्यक्ष टीकाराम पुरीले बताए।

नेपालको शिक्षा प्रणाली पुरानै विधि र ढंगले अगाडि बढिरहेकोले यसलाई समय सापेक्ष रुपमा अगाडी बढाउन सहयोग गर्ने उद्देश्यले प्याब्सन अगाडी बढिरहेको उनले बताए। अहिलेको आश्यकता शिक्षालाई सीपसँग जोड्न सकेमात्रै व्यवहारिक हुने उनको भनाई छ।

सम्मेलनमा देश विदेशका विभिन्न विज्ञहरुको आफ्नो प्रस्तुतिहरु दिने कार्यक्रम रहेको छ। कार्यक्रममा सरकारी निकायका प्रतिनिधिहरु, विश्वविद्यालयका प्राध्यापक, निजी विद्यालयका सञ्चालक प्रधानाध्यापक, शिक्षक सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षा नीतिमा काम गर्ने विज्ञहरु लगायत ३ सयभन्दा बढीको सहभागिता हुने आयोजकले जनाएको छ।

कार्यक्रमको उद्घाटन उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले गर्ने कार्यक्रम रहेको छ। शिक्षामन्त्री गिरीराजमणि पोखरेलले सम्बोधन गर्ने कार्यक्रममा स्वामी आनन्द अरुणले आध्यात्मिक मूल्यमान्यता, प्रा.डा.बालचन्द्र लुईटेलले स्टिम एजुकेशन, डा. सुशील कँडेलले विद्यालयमा मनोविज्ञान लगायत अन्य विज्ञहरुले आफ्नो प्रस्तुति दिनेछन्।


स्वच्छ जीवन उच्च विचार : लागु औषधको गरौबहिस्कार


## खनियाबास गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### दार्खा, धादिङ
### बागमती प्रदेश ,नेपाल

मितिः २०७६/१०/६

**विषय : गणक तथा सुपरिवेक्षक भर्नाको लागि १५ दिने सुचना**

उपरोक्त सम्वन्धमा भुमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च. न. ६४ तथा मिति २०७६।०८।२५ गतेको पत्रानुसार यस पालिकामा गणक तथा सुपरिवेक्षकहरु ५ (पाँच) महिनाको लागि भर्ना गर्नु पर्ने भएकोले निम्न योग्यता पुगेका उम्मेदवारहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो कागजातसहित यस कार्यालयद्वारा तयार गरिएको वा लोक सेवा आयोगको फर्म अनुसार रितपुर्वक दरखास्त वुझाउनु हुन यो दरखास्त आह्वान संवन्धी सुचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र.सं. | पद | आवश्यक संख्या | परिक्षाको किसिम | मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|
| १ | गणक | ३ | अन्तर्वाता | २०७६।१०।२३ | विहानः ११.०० बजे | खनियावास गाउँपालिका |
| २ | सुपरीवेक्षक | १ | अन्तर्वाता | २०७६।१०।२३ | ~~विहान~~ दिउँस: २.०० बजे | खनियावास गाउँपालिका |

सुपरीवेक्षकका लागि आवश्यक न्यूनतम योग्यताः

१) मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा जनसंख्यामा वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्वन्धि आधारभूत ज्ञान भएको।

२) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

गणकका लागि आवश्यक न्यूनतम योग्यता :

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्यामा वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्वन्धि आधारभूत ज्ञान भएको।

२) १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको।

परिक्षा दस्तुरः

१) गणकका लागि रु ७००।-   २) सुपरिवेक्षकका लागि रु १०००।-

यस पालिकाको राजश्व शाखामा नगदै बुझाएको रसिद वा यस गाउँपालिकाको बैंक अफ काठमाडौंमा रहेको संचित कोष खाता नं. ०१८६००००००१३५२४ मा दाखिला गरेको जम्मा भौचर संलग्न राख्नु पर्नेछ।

तलब स्केलः प्रचलित नियमानुसार ....................

विष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत


अन्सारी (आर्जु) ट्राभल्स
ना ३ ख ३९५९
सुरक्षित र आरामदायी यात्राको लागि 'आर्जु'
राजविराजबाट छुटने समय
विहान : ६:२० बजे
जनकपुरबाट छुटने समय
दिउसो : ३ : १० बजे
मो. ९८१५७०८३३४



सूचना
सत्य र निष्पक्ष समाचारको लागि मध्यदेश साप्ताहिक पत्रिका खोजी-खोजी पढौं।
मध्यदेश साप्ताहिक परिवार


## सूचना

१, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सर्तकता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं।

२. चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा


जय शिव ईटा उद्योगको नौलो प्रस्तुती
मार्का शिवशक्ति
शम्भनाथ नरपालिका मोहनपर, सप्तरी